# उच्च मूल्यका कृषि उपजहरु (चिया, कफी, अलैंची, जडिबुटी, किवी, एभोकाडो, स्ट्रबेरी आदि)को प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५

प्रस्तावना: प्रदेश सरकारको आर्थिक बर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेटमा रहेको उच्च मुल्य पर्ने बालीहरुको क्षेत्र निर्धारण तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न र कृषिमा आधुनिकिकरण र व्यवसायीकरण गर्दै आम कृषकको जीवन स्तरमा सुधार ल्याइ यस प्रदेशको समृद्धि हासिल गर्न उच्च मूल्य पर्ने बालीहरुको मूल्य श्रृंखला विकास गर्दै क्षेत्र निर्धारण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालनका लागि यस कार्यविधि मन्त्रिपरिषदले स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "उच्च मूल्यका कृषि उपजहरु (चिया, कफि, अलैचि, जडिबुटी, किवी, एभोकाडो, स्ट्रबेरी आदि)को प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५ " रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उच्च मूल्यका कृषि उपजहरु" भन्नाले चिया, कफी, किवी, अदुवा, मह, पुष्प खेती, अलैंची, जडीवुटी, एभोकाडो, स्ट्रबेरी, पशुपंछी जन्य उपजहरु लगायत आन्तरिक वा बाह्य निर्यात सम्भावना भएका बाली वस्तुलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(ग) " कृषि उपज क्षेत्र निर्धारण सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा (४) अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश "भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ङ) "बृहत्तर कृषि उत्पादन" भन्नाले कुनै एक उच्च मूल्य पर्ने बाली न्युनतम पचास हेक्टर क्षेत्रफलमा लगाइएको उत्पादन इकाईलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा (८) अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(ज) "साझेदारी संस्था" भन्नाले बृहत्तर कृषि उत्पादन कार्यक्रम संचालन गर्न इच्छुक कृषि सहकारी, कृषि उद्योग तथा व्यवसायिक फार्म र आफैं उत्पादनमा संलग्न भएको कृषकलाई सम्झनु पर्छ ।

(झ) "स्थानीय तह" भन्नाले यस प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ञ) "क्षेत्र निर्धारण समिति" भन्नाले यस कार्यविधिको दफा (५) अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) उच्च मुल्य पर्ने बालीहरुको मूल्य श्रृंखला विकास मार्फत उत्पादन, उत्पादकत्व, गुणस्तर तथा प्रतिस्पर्धा बृद्धि गर्ने,

(ख) कृषि क्षेत्रको व्यापार घाटा क्रमिक रुपमा घटाउँने,

(ग) कृषकहरुको आयस्रोत तथा जीवनस्तर अभिवृद्धि गर्ने ।

## परिच्छेद – २

## कार्यक्रम संचालन

४. कृषि उपज क्षेत्र निर्धारण सिफारिस समितिः (१) सबै स्थानीय तहमा देहाय बमोजिमको पदाधिकारीहरु रहेको उच्च मुल्यका कृषि उपज क्षेत्र निर्धारण सिफारिस समिति हुनेछः-

(क) सम्बन्धित स्थानीय तहको आर्थिक विकास समितिको संयोजक -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको योजना शाखाको प्रमुख - सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, सम्बन्धित कृषि ज्ञान केन्द्र - सदस्य

(घ) सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुख, -सदस्य सचिव

(२) कृषि उपज क्षेत्र निर्धारण सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिले आफ्नो क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक, बातावरणीय तथा प्राविधिक सम्भाव्यताका आधारमा उपयुक्त बाली/बिरुवा, ठाउँ (वडा नं र गाउँको नाम), अनुमानित क्षेत्रफलको आधारमा क्षेत्र निर्धारण समितिमा सिफारिस गर्नेछ,

(ख) "एक स्थानीय तह १ उच्च मूल्यका बाली" को अवधारणामा एक प्रकारको बालीको लागि न्युनतम सात हेक्टर क्षेत्रफल कायम हुने गरी कार्यालयमा रहेको क्षेत्र निर्धारण समितिमा सिफारिस गर्नेछ ।

५. क्षेत्र निर्धारण समितिः (१) कार्यालयमा देहायको क्षेत्र निर्धारण समिति हुनेछः-

(क) प्रमुख, कृषि ज्ञान केन्द्र -संयोजक

(ख) कृषि अर्थ विज्ञ -सदस्य

(ग) बागवानी विकास अधिकृत -सदस्य सचिव

(२) क्षेत्र निर्धारण समितिले स्थानीय तहको क्षेत्र निर्धारण सिफारिस समितिको प्रतिवेदनका आधारमा आवश्यकतानुसार थप अध्ययन गरी बृहत्तर बाली उत्पादन क्षेत्रहरु निर्धारण गर्नेछ।

६. प्रवर्द्धन कार्यक्रमः बृहत्तर बाली उत्पादन प्रवर्द्धन कार्यक्रम निम्न क्षेत्रहरुमा संचालन हुनेछः-

(क) कार्यविधि र कार्यक्रम बारे अभिमुखीकरण तालिम सञ्चालन गर्ने,

(ख) आवश्यक पर्ने उत्पादन सामाग्रीहरुको (बीउ विजन, विरुवा, मल, विषादी आदि) मात्रा तथा गुणस्तर पहिचान गरी सो को आपूर्ति व्यवस्था गर्ने,

(ग) साना पूर्वाधारहरुको (साना सिंचाई, साना कृषि सडक, संकलन केन्द्र, थोक तथा खुद्रा/हाट बजार निर्माण, प्याकेजिंग हाउस, ग्रिन हाउस निर्माण आदि) निर्माण तथा मर्मत सम्भार कार्यक्रम सञ्चालन गर्ने,

(घ) कृषि यान्त्रिकरण कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कृषि उपजहरुको सुरक्षित भण्डारण सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने,

(च) सरकारी-नीजि-सहकारी, सरकारी-नीजि वा सरकारी-सहकारीको साझेदारीमा प्रशोधन उद्योग स्थापना र सञ्चालन गर्ने,

(छ) आधुनिक, उन्नत एवं दिगो कृषिका प्रविधिहरुको विकास एवं प्रसार सम्बन्धि कार्यक्रम (तालिम, भ्रमण, प्रदर्शन, गोष्ठी आदि) सञ्चालन गर्ने,

(ज) कृषि उपज बजारीकरणसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्य प्रवर्द्धनात्मक र उत्पादनमुलक क्रियाकलाप सञ्चालन गर्ने,

(ञ) कृषि उपज तथा उत्पादन संग सम्बन्धित क्रियाकलापहरुको बारेमा डकुमेन्ट्री निर्माण तथा प्रसारण गर्ने ।

७. प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया : (१) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थाहरुबाट निवेदन दिन पन्ध्र दिनको म्याद दिई अनुसूची-१ बमोजिमको सूचना सम्बन्धित जिल्लाका स्थानीय रेडियो वा पत्र पत्रिकामा प्रकाशन गरी निवेदन माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आह्वान गरिएको प्रस्तावमा इच्छुक साझेदार संस्थाले अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन र प्रस्ताव दर्ता गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको सूचनाको जानकारी यस कार्यक्रम लागू हुने सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

८. मुल्याङ्कन समितिः (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार संस्था छनौटको सिफारिस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ , सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद अन्तरिम कार्यविधि, २०७५ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

प्रदेश सरकार
भूमि व्यवस्था तथा ... कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधि अनिवार्य राख्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

९. <u>सम्झौता</u>: (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

१०. <u>विशेष प्राथमिकता</u>: (१) जमिनको चक्लाबन्दी गरी गर्ने सामूहिक खेती र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गर्नु पर्नेछ ।

११. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालयले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, कृषि विकास निर्देशनालय र केन्द्रले गर्न सक्नेछन् ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय
कृषि तथा पशुपन्छी विकास निर्देशनालयको कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. कार्यक्रम सञ्चालनको आर्थिक पक्ष: (१) प्रदेश अन्तर्गत रहने निकाय तथा स्थानीय तहका कर्मचारीहरुलाई कार्यविधि र कार्यक्रम बारे प्रचलित नियम अनुसार अभिमुखीकरण तालिम संचालन गरिने छ ।

(२) उत्पादन सामाग्रीहरुको हकमा बीउ विजनमा पचास प्रतिशत तथा मलखादमा नेपाल सरकारले प्रदान गरेको अनुदान अनुसार गरिने छ । यसमा स्थानीय तहले थप अनुदान प्रदान गर्न सक्नेछ ।

(३) साना पूर्वाधार विकासको लागि आवश्यक पर्ने जग्गा सम्बन्धित संस्थाले व्यवस्था गर्नु पर्ने छ ।

(४) प्रदेश सरकारले साना पूर्वाधार विकासमा स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम देहाय अनुसारको प्रोत्साहन अनुदान प्रदान गर्नेछः-

| क.स. | पूर्वाधारको किसिम | प्रदेश सरकारको लगानी, प्रतिशत | साझेदार संस्थाको लगानी, प्रतिशत |
|---|---|---|---|
| १ | साना सिंचाई, थोपा सिंचाई र स्प्रिन्कल सिंचाईमा | ६० | ४० |
| २ | खुद्रा/हाट बजार | ७० | ३० |
| ३ | कृषि उपज संकलन केन्द्र | ७० | ३० |
| ४ | प्याकेजिंग हाउस | ७० | ३० |
| ५ | ग्रिन हाउस(प्लास्टिक टनेल/नेट हाउस) | ६० | ४० |

(५) कृषि यान्त्रिकरणमा वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम पचास प्रतिशत प्रोत्साहन अनुदान प्रदान गरिने छ ।

(६) कृषि प्रशोधन उद्योग स्थापना र संचालन गर्न सम्भाव्यता अध्ययनको आधारमा भौतिक पूर्वाधार निर्माणमा बार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम साठी प्रतिशत तथा औजार उपकरणमा पचास प्रतिशत अनुदान प्रदान गर्नेछ ।

(७) तालिम तथा प्रदर्शन कार्यक्रम स्वीकृत कार्यक्रम र कार्यविधि अनुसार गर्नु पर्नेछ ।

(८) जिल्ला स्तरीय तथा अन्तर जिल्ला अवलोकन भमण प्रचलित नियम अनुसार गर्नु पर्नेछ ।

(९) स्वीकृत बार्षिक कार्यक्रम अनुसार अगुवा कृषकलाई देश भित्र नयाँ प्रविधि सम्बन्धि कृषक तालिम प्रदान गरिने छ ।

(१०) प्रदेश अन्तर्गत रहने निकायले स्वीकृत बार्षिक कार्यक्रम अनुसार अन्य प्रकारका प्रवर्द्धनात्मक र उत्पादनमुलक कियाकलाप संचालन प्रचलित नियम र कार्यविधि अनुसार गर्नेछ ।

(११) सम्बन्धित संस्थाले कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहको कृषि शाखाबाट अनिवार्य रुपमा सिफारिस गराउनु पर्नेछ ।

(१२) लागत इष्टिमेट तयार गर्दा तीन प्रतिशत रकम कन्टिजेन्सी बापत छुट्याइनेछ र त्यसको खर्च सुचना प्रकाशन, बैठक भत्ता, अनुगमन तथा मूल्यांकन आदिमा गर्नु पर्नेछ ।

(१३) कार्य सञ्चालन गर्ने जिम्मेवारी पाएका प्रस्तावकले निर्धारित रकम स्कीम अनुसार खर्च गरी प्रचलित कानून बमोजिम फरफारक गर्नुपर्नेछ ।

१३. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१४. <u>संशोधन</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७५ / /

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ अन्तर्गतको कृषि ज्ञान केन्द्र....... को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम उच्च मूल्यका कृषि उपजहरु (चिया, कफी, अलैंची, जडिबुटी, किवी, एभोकाडो, स्ट्रबेरी आदि)को प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न ...................................................... का कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सामुदायिक वन, आफै उत्पादन गर्ने कृषक र कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको १५ औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन

२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र ।

३. संस्थाको हकमा स्थायि लेखा नम्वर (PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

४. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धतापत्र ।

५. प्रस्ताव अनुसारको लागत अनुमान ।

अनुसूची -२
(दफा ७ सँग सम्बन्धित)

## प्रस्ताव-पत्र

क) प्राविधिक प्रस्तावः

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोबाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर<br>(दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | भ्याट /पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | कृषि ज्ञान केन्द्रसंग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १४.४ | | |
| १४.५ | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | |
|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः |
| १८.१ | |
| १८.२ | |
| १८.३ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | क्रियाकलाप कार्यान्वयन योजना: | | | | | | | | | | | | |
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | | | | | | | | | | | | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण | | | | | | | | | | | |
| २०.१ | | | | | | | | | | | | | |
| २०.२ | | | | | | | | | | | | | |
| २०.३ | | | | | | | | | | | | | |
| २०.४ | | | | | | | | | | | | | |
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | | | | | | | | | | | | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. | | | | | | | | | | | |
| २१.१ | | | | | | | | | | | | | |
| २१.२ | | | | | | | | | | | | | |
| २१.३ | | | | | | | | | | | | | |
| २१.४ | | | | | | | | | | | | | |
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र): | | | | | | | | | | | | |
| २२.१ | | | | | | | | | | | | | |
| २२.२ | | | | | | | | | | | | | |
| २२.३ | | | | | | | | | | | | | |
| २२.४ | | | | | | | | | | | | | |
| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | | | | | | | | | | | | |
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | | | | | | | | | | | | |
| | अनुभव तथा तालिमहरु | अवधी | | | | | | | | | | | |
| २४.१ | | | | | | | | | | | | | |
| २४.२ | | | | | | | | | | | | | |
| २४.३ | | | | | | | | | | | | | |
| २४.४ | | | | | | | | | | | | | |
| २५ | प्रस्तावकसगं विधमान जनशक्ति विवरण: | | | | | | | | | | | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी | | | | | | | | | | |
| २५.१ | | | | | | | | | | | | | |
| २५.२ | | | | | | | | | | | | | |
| २५.३ | | | | | | | | | | | | | |
| २५.४ | | | | | | | | | | | | | |

| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | |
|---|---|---|

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य-मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | कार्यालयवाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | जम्मा रकम रु. | | | | |
| | | | | VAT रकम रु. | | | | |
| | | | | कुल जम्मा रकम रु. | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहि कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

अनुसूची -३
(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

सम्झौता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ अन्तर्गतको कृषि ज्ञान केन्द्र..... को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित उच्च मूल्यका कृषि उपजहरु (चिया, कफी, अलैंची, जडिबुटी, किवी, एभोकाडो, स्ट्रबेरी आदि)को प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी मिति .......... गतेको .......... राष्ट्रिय दैनिक /स्थानीय साप्ताहिक /स्थानीय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ........................ को प्रस्ताव छनौट भएको हुंदा कृषि ज्ञान केन्द्र..... (यसपछि प्रथम पक्ष भनिने) र श्री ...................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

तपशिलः

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित कार्यक्रम संचालनको लागी विनियोजित रु.......... ........... मध्ये तीन प्रतिशत कन्टिन्जेन्सी बापतको रु .......... कट्टा गरी दोश्रो पक्षलाई रु. ............ ( अक्षरुपी.............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।
२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी प्रदेश नं .३ को .................. महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ....... नं. वडाको .................... भन्ने स्थानमा ......................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।
३. दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविक सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।
४. कार्यक्रम सञ्चालनका लागी आवश्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।
५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षलाइ प्रथम पक्षले किस्तावन्दीमा रकम भुक्तानी दिनेछ ।
६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।
७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु सम्बन्धित कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१२. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोस्रो पक्षबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

| **दोस्रो पक्षको तर्फबाट:** | **प्रथम पक्षको तर्फबाट:** |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |

**रोहबर**

| | |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।